अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**आ.व. २०८२।०८३ मिति: २०८३।१।९ गते, समय: १०:०० वजे दिनको, बैठक संख्या: १९**

## कार्यपालिकाको वैठकका निर्णयहरु

**प्रस्ताव नं. १**: अघिलो बैठकका निर्णयहरुको समिक्षा।

**निर्णय:** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो। कार्यान्वयन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने।

**प्रस्ताव नं. २**: आगामि आव २०८३।०८४ को नीति कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धमा।

**निर्णय:** आगामि आव २०८३।०८४ को नीति कार्यक्रम तथा बजेट तर्जुमा प्रचलित कानूनको परिधि भित्र रहि तर्जुमा प्रकृया अगाडि बढाउने।

**प्रस्ताव नं. ३**: चालु आव २०८२।०८३ को फोहरमैला व्यवस्थापनका लागि विनियोजित बजेट कार्यान्वयन सम्बन्धमा

**निर्णय:** चालु आव २०८२।०८३ को फोहरमैला व्यवस्थापनका लागि विनियोजित बजेट वडा नं ६ मा खरिद भएको जग्गामा ल्याण्डफिल्ड साइड निर्माण कार्यका लागि आवस्यक पर्ने सडक तथा अन्य आवस्यक पुर्वाधार निमार्ण गर्ने कार्य सार्वजनिक खरिद ऐन २०६३ तथा तत् सम्बन्धि नियमावलि २०६४ अनुरुप छोटो माध्यमद्धारा खरिद प्रकृया तत्काल अगाडि बढाउने।

**प्रस्ताव नं. ४**: अमरगढी नगरपालिका शिक्षा ऐन २०८० मा भएको सरुवा व्यवस्था कार्यान्वयन सम्बन्धमा।

**निर्णय:** अमरगढी नगरपालिका शिक्षा ऐन २०८० मा भएको सरुवा व्यवस्था कार्यान्वयन सम्बन्धमा ऐनको दफा ३० को व्यवस्था कार्यान्वयन गर्न सूचना प्रकाशन गर्ने।

प्रमुख प्रशासकीय अधिकृत